# आर्थिक वर्ष २०७४/७५को

# नीति, कार्यक्रम तथा बजेट बक्तव्य

तिलागाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

जुम्लाजिल्ला

प्रदेशनं. ६

२०७४

# विषयसूची


खण्ड१ - परिचय ..... - 4 -

१.१ तिला गाउँपालिकाकोसंक्षिप्त परिचय ..... - 4 -

१.१.१ तिला गाउँपालिकाको राजनैतिक विभाजन ..... - 4 -

१.१.२ भौगोलिक अवस्था तथा सिमाना ..... - 4 -

१.१.३ प्रमुख नदीनाला, हिमाल र विशेष क्षेत्र ..... - 4 -

१.१.४ धर्म, सस्कृति र जातजाती ..... - 4 -

१.२विद्यमानअवस्थाकोसमिक्षा ..... - 5 -

१.२.१सबलपक्ष ..... - 5 -

१.२.२कमजोरपक्ष ..... - 5 -

१.२.३अवसर ..... - 5 -

१.२.४चूनौती ..... - 5 -

१.३वार्षिकनीति, बजेटतथाकार्यक्रमतर्जुमाकालागिअवलम्बनगरिएकोपद्धति ..... - 6 -

१.४आयोजनाप्राथमिकिकरणकाआधारहरु ..... - 6 -

खण्ड२ - चालुआ.व.२०७३/७४कोसमिक्षा ..... - 7 -

२.१साविककोस्थानीयनिकायहरुबाटसम्पन्नकार्यक्रमकोसमिक्षा ..... - 7 -

२.२विषयगतनिकायहरुस्थानीयतहमाहस्तान्तरणहुनुपूर्वसम्पन्नकार्यक्रमकोसमिक्षा ..... - 7 -

२.३स्थानीयतहगठनपश्चातसम्पन्नकार्यक्रमकोसमिक्षा ..... - 7 -

२.४गैहृसरकारीसंघसंस्थाहरुबाटसम्पन्नकार्यक्रमकोसमिक्षा ..... - 7 -

खण्ड३ - आगामीआ.व.२०७४/७५कोनीति, बजेटतथाकार्यक्रम ..... 8

३.१सोंच ..... 8

३.२लक्ष्य ..... 8

३.३उद्देश्य ..... 8

३.४अपेक्षितउपलब्धी ..... 8

३.५वार्षिकबजेटतथाकार्यक्रमतर्जुमागर्दाअवलम्बनगरिएकाप्रमुखनीतितथाआधारहरु ..... 8

३.५.१समग्रनीतितथाआधारहरु ..... 8

३.५.२क्षेत्रगतनीतितथाआधारहरुः ..... 10

३.६मुख्यमुख्यआयोजनारक्रियाकलापहरु ..... 17

३.७अनुमानितव्ययरस्रोतव्यवस्थापन ..... 17

३.८ आर्थिक वर्ष २०७४\७५ को योजना बैंक ..... 21

खण्ड४ - अनुसूचिहरु ..... 24

अनुसूचि१ - आय व्ययको विवरण ..... 24I

अनुसूचि२ राजस्व तथा अनुदान प्राप्तिको अनुमान ..... 27

अनुसूचि३ व्यय अनुमान ........................................................................................................................29
अनुसूचि४ - वित्तीय व्यवस्था अनुमान ........................................................................................................31
अनुसूचि६ - वार्षिक विकास कार्यक्रम..........................................................................................................34
अनुसूचि७ - वार्षिककार्यक्रमकार्यान्वयनयोजना ..................................................................**Error! Bookmark not defined.**

**खण्ड१ -परिचय**

## १.१ तिला गाउँपालिकाको संक्षिप्त परिचय

नयाँ नेपालको नयाँ संरचना बन्नु पुर्व मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने कर्णाली अञ्चलको पाँच हिमाली जिल्लाहरु मध्येको एक जुम्ला जिल्लाका दक्षिण पश्चिम क्षेत्रका साविकका चार गाउँ विकास समितिहरु रारालिही, कुडारी, घोडेमहादेव र मालिकाठाँटाको संयोजन भई हाल ६ नं। प्रदेश अन्तर्गतका स्थानीय तहहरु मध्ये तिला गाउँपालिका २०७३र११र२७ मा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम गठित एक स्थानीय तह हो । भौगोलिक रुपमा बिकट र दुर्गम भए तापनि तिला गाउँपालिकाको भौगोलिक, व्यावसायिक, वातावरणीय, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायतका विभिन्न बहुआयामिक पक्षहरुबाट महत्वपूर्व पहिचान रहेको छ ।सदावहार शान्त रुपमा प्रवाह भई रहने तिला नदिको नामबाट यस गाउँपालिकाको नाम ूतिलाू रहन गएको हो । नेपालको जनगणना २०६८ अनुसार १३६०७ जनसंख्या रहेको यस गाउँपालिकाका मुख्य उत्पादनको रूपमा आलु, सिमि, फापर, कोदो रहेका छन् भने उच्च हिमाली भू(भागमा अति मुल्यवान र महत्वपुर्ण जडिवुटी जस्तै पदमचाल, कटुकी, यार्सागुम्वा आदि पाइन्छ।

### १।१।१ तिला गाउँपालिकाको राजनैतिक विभाजन

| | |
|---|---|
| प्रदेश | : ६ नं। |
| जिल्ला | : जुम्ला |
| गाउँ कार्यपालिकाको कार्यालय | : डुण्डेली, रारालिही |
| वडा सङ्ख्या | : ९ |

### १।१।२ भौगोलिक अवस्था तथा सिमाना

| | |
|---|---|
| क्षेत्रफल | : १७५।४९ वर्ग कि।मी। |
| पूर्व | : तातोपानी गाउँपालिका |
| पश्चिम | : कालिकोट जिल्ला |
| उत्तर | : हिमा गाउँपालिका |
| दक्षिण | : कालिकोट जिल्ला |

### १।१।३ प्रमुख नदीनाला, पोखरी र विशेष क्षेत्र

यस गाउँपालिका क्षेत्रमा पर्ने सबैभन्दा ठूलो तिला नदि कालिकोटको सिमानामा पुगि हिमा गाउँपालिकाबाट प्रवाह भई आउने।।।।नदि सँग मिसिन पुग्दछ ।घोडेपोखरी यस गाउँपालिकाको दक्षिणमा पर्दछ ।

### १।१।४ धर्म, सस्कृति र जातजाती

यस गाउँपालिका क्षेत्रमा हिन्दु, बौद्ध र ईसाई धर्मालम्वीहरुको बसोवास रहेको छ । यस क्षेत्रमा दशैं, तिहार, साउने संक्रान्ति, माघे संक्रान्ति, ल्होसार, क्रिसमस लगायतका पर्वहरु मनाउने गर्दछन् । यस क्षेत्रमा व्राहमण, क्षेत्री, दलित लगायतका जातजातिहरुको मिश्रित बसोबास रहेको छ ।

## १.२विद्यमानअवस्थाकोसमिक्षा

### १.२.१ सबल पक्ष

तिला गाउँपालिकाजुम्ला जिल्ला भरिकै एक आर्थिक समृद्धिको सम्भावना बोकेको क्षेत्र हो । यस क्षेत्रमा रहेका वन पैदावरलाई सदुपयोग गरी जडिबुटी प्रशोधन केन्द्र सञ्चालन गर्न सक्ने सम्भावनाहरु प्रशस्त मात्रामा रहेका छन् । पाटन क्षेत्र, त्रिवेणी, बाइसथाप्ला, दहचौर रारा पाताल आदि यस क्षेत्रको अथाह पर्यटनका सम्भावना बोकेका क्षेत्र हुन्।सदावहार रुपमा बगिरहने तिला नदि बाट मेगा हाइड्रो प्रोजेक्ट संचालन गरी यस क्षेत्रको आय आर्जनमा वृद्वि गर्न सकिन्छ ।यस क्षेत्रमा मौसमी खेतीको रुपमा सिमी, आलु, मकै, कोदो, फापर, जौ, चिनो, कागुनो, गहुँ, भटमास, धान, मसुरो, तोरी लगायतका तेलहन, दलहन, खाद्यान्न तथा नगदे बालीको पर्याप्त मात्रामा उत्पादन गरी निर्वाहमुखीबाट व्यवसायिक कृषितर्फ उन्मुख हुन सकिने अवस्था रहेको छ । यस क्षेत्रमा व्राह्मण, क्षेत्री र दलित जातिको मिश्रित बसोबास रहेकाले यस क्षेत्र बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय बिशेषताले भरिएको छ । धार्मिक सहिष्णुता र सामाजिक सद्भाव यस क्षेत्रको अभिन्न चिनारी रहेको छ ।

### १.२.२ कमजोर पक्ष

भौगोलिक विकटताका कारण यस क्षेत्रमा यातायातको सञ्जाल विस्तार गर्न सकिएको छैन ।तिला नदिमा एक पक्की पुलको अभावमा साविकका घोडेमहादेव र मालिकाठाँटा गाविस सडक संजालले जोडिन सकेको छैन । विकासका पूर्वाधारहरुको यथेष्ट मात्रामा विकास र विस्तार गर्न सकिएको छैन । शैक्षिक अवस्थामा राष्ट्रिय स्तरभन्दा न्यून रहेको छ । विद्यालय छाड्ने, अनुपस्थित हुने र कक्षा दोहोर्‍याउने विद्यार्थीको सङ्ख्या बढ्दो क्रममा रहेको छ । स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाहरुको गुणस्तर वृद्धि गर्न नसकिएका कारण प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूत गर्न सकिएको छैन भने अर्को तर्फ पर्याप्त स्रोत साधन, आर्थिक अभाव, गरिवि, भौगोलिक विकटताको कारणले कतिपय विरामी, सुत्केरीको समयमै अस्पताल पुर्‍याउन नसकिएर अकालमै ज्यान गुमाउनु पर्ने अवस्था रहेको छ ।

### १.२.३ अवसर

तिला गाउँपालिकाको त्रिवेणी क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । घोडेपोखरी, बाईसथाप्ला, माथिल्लो रारामा ट्रेकिङ रुटको विकास गरीहोमस्टे संचालन गरी अर्थोपार्जन गर्न सकिन्छ । यसैगरी यस क्षेत्रमा पाईने वनपैदावर तथा कृषि उत्पादनलाई व्यवसायिकता तर्फ उन्मुख गराउन सकिने सम्भावना कायम रहेको छ ।तिला नदिमा हाइड्रोपावर संचालन गरी सम्पुर्ण जुम्ला जिल्लालाई उज्यालो बनाउन सकिन्छ । रारालिहीमा गोधुलीको दृश्य अवलोकन गर्न सकिने भ्यु टावर संचालन गर्न सकिन्छ ।

### १.२.४ चूनौती

दुई दशकपछि तिला गाउँपालिकाले जनप्रतिनिधि विहीन अवस्था पार गरेको छ । यससँगै अनगिन्ती परिवर्तनका संवाहकहरुको उदय हुनु स्वाभाविक रहेको छ । तथापि विगतमा जनप्रतिनिधिविहीन राज्य संयन्त्रले सिर्जना गरेका सर्वसाधारण र जनतावीचको दुरी कम गर्नमा अबको उर्जाशील समयवधि खर्च गर्नुपर्ने अवस्था रहेको छ । यसै वीच राज्यको शासन व्यवस्थामा संघीयताको नयाँ अभ्यास स्थानीय सरकारको काँधमा आईसकेकाले स्थानीय तहको सफल कार्यान्वयन गर्ने युगान्तकारी जिम्मेवारीलाई सफलतापूर्वक अवतरण गर्ने दायित्व थपिएको छ । विविध कारणबाट राज्यको मुलप्रवाहीकरणबाट वञ्चित भएका समूहलाई गतिशील शासन पद्दतिमा समाहित गर्दै लैजानुपर्ने जिम्मेवारीहरु युगले प्रदान गरेको छ ।

गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, यातायातको पहुँच, आर्थिक विकास, दीगो आवास, खाद्य सुरक्षा, गुणस्तरीय जीवनको प्रत्याभूत गर्न कटिबद्ध भई लाग्नुपर्ने भएको छ । नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु पुरा गर्न दिगो विकासका लक्ष्यहरुको प्राप्ति, मानव विकास सूचकांकमा उल्लेख्य सुधार गर्नुपर्ने अवस्था रहेको छ । सुशासनको प्रत्याभूत गराई जनस्तरमा राज्यको उपस्थितिको वोध गराउँदै राज्य र राष्ट्र निर्माणलाई सुदृढ बनाउँदै लैजानुपर्ने अवस्था विद्यमान रहेको छ ।

**१.३ वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति**

- नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक अधिकारहरु,राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई वार्षिक नीति तथा कार्यक्रम तय गर्ने प्रमुख आधारको रुपमा लिइएको छ ।
- नेपाल सरकारबाट आ।व। २०७४।७५ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई तिला गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जूमा गर्ने मूल आधारको रुपमा लिईएको छ ।
- नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतिकरण प्रतिवेदनलाई मुख्य आधारको रुपमा लिईएको छ ।
- गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा प्रतिवद्धता कायम गरेका विषयहरु, विभिन्न सन्धी सम्झौताहरुलाई महत्वपूर्ण सन्दर्भको रुपमा प्रयोग गरिएको छ ।
- न्यायालयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायीक नजिर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरुलाई समेत नीति तथा कार्यक्रम तर्जुमामा महत्वपूर्ण आधारको रुपमा लिइएको छ ।
- चौधौं आवधिक योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रमहरु तय गरिएको छ ।
- सहस्राब्दी विकास लक्ष्यहरुको अभ्यासबाट सिर्जित नौलो अवसरहरुको सदुपयोग गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्नका लागि स्थानीय स्तरबाट चाल्न सकिने कदमहरुलाई नीति तथा कार्यक्रम तर्जूमा गर्ने पद्दतिको रुपमा लिइएको छ ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालयले समय समयमा जारी गरेको निर्देशिका, परिपत्रलाई नीति तथा कार्यक्रम तर्जुमाको आधारको रूपमा लिइएको छ ।
- स्थानीय स्वायत्त शासन संचालन ऐन र नियमावलीमा उल्लेखित प्रचलित प्रावधानहरुको जगमा उभिएर पनि नीति,कार्यक्रम तथा बजेट तर्जुमा गरिएको छ ।
- आम तिलावासीको जनभावना तथा अपेक्षालाई नीति तथा कार्यक्रम तर्जुमामा सम्वोधन गरिने प्रयास गरिएको छ ।

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरु**

आर्थिक वर्ष २०७४।७५ को लागि विभिन्न आयोजनाहरु प्राथमिकीकरण गर्दा देहायका बिषयहरुलाई आधारको रुपमा प्रयोग गरिएको छः

- चौधौं आवधिक योजना तथा अन्य क्षेत्रगत आवधिक योजनाहरुले निर्दिष्ट गरेका विषयहरु समावेश गरी क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने आयोजनाहरु,
- सर्वसाधारण नागरिकलाई तत्काल प्रत्यक्ष राहत तथा फाईदा हुने तथा स्वरोजगार प्रवर्द्धन हुने आय आर्जन वृद्धि हुने प्रकारका योजना तथा कार्यक्रमहरु,
- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजना तथा कार्यक्रमहरु,
- कृषि उत्पादनमा वृद्धि हुने तथा सहयोग पुऱ्याउने योजना तथा कार्यक्रमहरु,

- वातवरण संरक्षण तथा सम्वर्द्धन र जलवायु परिवर्तन अनुकूलतामा सहयोग पुर्‍याउने प्रकारका योजनाहरु,
- स्थानीय स्रोत साधन, सीप क्षमताको अधिकतम परिचालन तथा सञ्चालन भई क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु,
- पिछडिएका समुदाय जस्तै दलित, जनजाति, महिला तथा बालबालिका तथा अति विपन्न वर्गको आय आर्जन तथा सीप विकासमा टेवा पुग्ने मुख्य कार्यक्रम तथा आयोजनाहरु,
- प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रमका आयोजनाहरु,
- गाउँपालिकाको आन्तरिक आय श्रोत वृद्धि गर्ने कार्यक्रमहरु,
- सामाजिक परिचालनका माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरु,
- बढी भन्दा बढी जनसहभागिता जुटाउन सकिने तथा बढी श्रममूलक कार्यक्रम र आयोजनाहरु,
- ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री कार्यक्रमलाई प्राथमिकता दिईएका कार्यक्रम तथा आयोजनाहरु,
- लागत साझेदारीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने आयोजना तथा कार्यक्रमहरु,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरु,

## खण्ड २ – चालु आ.व.२०७३/७४को समिक्षा

### २.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

### २.२ विषय गतनिकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षा

### २.३ स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा

### २.४ गैह्रसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

**खण्ड ३ - आगामी आ.व.२०७४/७५को नीति, कार्यक्रमतथा बजेट**

३.१ सोंच

नेपालको एक समुन्नत, समृद्ध र उत्कृष्ट स्थानीय तहको रुपमा तिला गाउँपालिकालाई स्थापित गर्ने दीर्घकालीन सोच रहेको छ ।

३.२ लक्ष्य

आर्थिक वर्ष २०७४।७५ को अन्त्यसम्ममा तिला गाउँपालिकामा भौतिक विकासका प्रगतिहरु आम तिलावासिहरुले महसुस गर्न सक्ने लक्ष्य लिइएको छ ।

३.३ उद्देश्य

तिला गाउँपालिकाबासीले एक वर्षभित्रमा आफ्नो जीवनस्तरमा परिवर्तन भई दैनिक जीवनयापनमा सहजता भएको महसुस गर्नेछन् ।

३.४ अपेक्षित उपलब्धी

आ।व। २०७४।७५ को अन्त्यसम्ममा देहायका उपलब्धीहरु हासिल गर्न सकिने अपेक्षा राखिएको छः

सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा सुरक्षित, गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि भएको हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयका भौतिक संरचनाहरुको निर्माण कार्य सुरु भई सेवा प्रवाहलाई सरल, प्रभावकारी र जनमुखी भएको हुनेछ ।

उज्यालो तिला अभियान सुरु भई तिला गाउँपालिकाका सबै क्षेत्रमा विद्युत सेवाको सुनिश्चितता प्रदान गर्ने कार्यले तिब्रता प्राप्त गरी जलविद्युत उत्पादनमा उल्लेख्य प्रगति हासिल भएको हुनेछ ।

तिला गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको व्यवस्था उपलब्ध हुनेछ ।

तिला गाउँपालिकामा गरिदैं आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याई कृषक, युवा, लक्षित वर्ग लाभान्वित हुनेछन् र यहाँको कृषिमा उत्पादन बृद्धि भइ व्यवसायिकरण शुरु भएको हुनेछ।

विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ ।

सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, भ्रष्ट्राचारमूक्त बनाउन गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

३.५वार्षिकबजेटतथाकार्यक्रमतर्जुमागर्दाअवलम्बनगरिएकाप्रमुखनीतितथाआधारहरु

३.५.१समग्रनीतितथाआधारहरु

१. मुलभूत नीति तथा कार्यक्रमः

   १. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित गाउँसभा बाट पारित गराइ आम नागरिकलाई गाउँ सरकारको उपस्थिति आभाष दिलाइनेछ ।

२. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्दि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल (Electronic Profile)निर्माण गरी गाउँपालिकाको पञ्च वर्षीय गुरू योजना तयार गरिनेछ ।
३. समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लागत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ ।
४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष, आम जनसमुदायको चाहना, अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ ।
५. कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी, बाली, नगदेवाली, फलफुल, नर्शरीहरुलाई संरक्षण, संवर्द्वन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय तरकारी, फलफुल, नगदेवाली उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
६. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराइनेछ । युवालाई कृषीमा आकर्षित गर्न विशेष योजना तयार गरिनेछ । आन्तरिक रोजगारि तथा आय आर्जनका सम्भावनाहरुलाई खोज अनुसन्धान गरी वैदेशिक रोजगारीलाई न्युनिकरण गर्न प्रयास गरिनेछ ।
७. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।
८. जडिबुटी र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।
९. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ ।
१०. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबुटी, लोपोन्मुख बन्यजन्तु लगायतको संरक्षण र सम्वर्द्वन गर्न आवश्यक निकाय हरु संग पहल गरिनेछ ।
११. बालविवाह एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
१२. सामाजिक सूरक्षा कार्यक्रम तर्फ बाल अनुदान, एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, लोपोन्मुख जातिहरुको भत्ता वितरण कार्यलाई बैङ्किङ प्रणाली मार्फत कार्यान्वयन ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।
१३. गाउँपालिकालाई वातावरणमैत्री, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।

१४. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागु गरिनेछ

१५. गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई ूमुस्कान सहितको सेवाू (Service With Smile) को नीति लिइनेछ ।

१६. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

१७. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।

१८. प्रशासनिक कामकारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई घटाइनेछ। लामो र झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ ।

१९. आवधिक योजनाहरु विकास गर्नका लागि गाउँपालिकास्तरीय आवधिक योजना (Rural Municipality Periodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

२०. सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी सेवा सुविधा, तलब, भत्ता एकरुपता कायम गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२१. यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, बिभिन्न कृषि समुह, महिला समुह, आमा समुह , क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गर्नेछ ।

२२. गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ ।

२३. रसायन मुक्त क्षेत्र घोषणा गर्न पूर्वाधार तयार गरिनेछ ।

२४. यस गाउँपालिकाले संचालन गर्ने रु दश लाख ९१०,००,०००।-० भन्दा माथिका भौतिक पूर्वाधारका कार्यक्रमहरु टेन्डर प्रकृयाबाट मात्र संचालन गरिनेछ ।

२५. ूआफ्नो वडा, आफैं बनाउँू भन्ने मूल नीतिलाई अवलम्बन गरिनेछ ।

२६. गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा ५५ प्राविधिक खर्च ९Contingency Cost) काटिनेछ ।

३.५.२क्षेत्रगतनीतितथाआधारहरुः

**२७. आर्थिक विकासः**

**कृषि तथा पशु विकासः**

- खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न सिमी, फापर, आलु उत्पादक किसानहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिने छ ।
- स्थानीय विऊविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊविजन वैंक स्थापना गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र एउटा घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।
- गाउँपालिका क्षेत्र भित्र कृषि प्राविधिकहरुको वाह्रै महिना परिचालन गरिनेछ ।
- एक घर एक करेसावारीलाइ जोड दिइने छ भने एक घर एक बगैचालाइ पनि जोड दिइने छ ।

**उद्योग तथा बाणिज्यः**

- स्थानीय उद्योगधन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।
- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

**पर्यटनः**

- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न तिला गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ । त्रिवेणि, नर्वेखोप्रीलाई धार्मिक पर्यटन र दहचौर लगायतका क्षेत्रको प्राकृतिक पर्यटन क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ ।

**सहकारी वित्तीयः**

- लघु उद्यम प्रवर्द्वनका लागि गाउँपालिका स्तरमा १ औद्योगिक क्षेत्रका लागि पूर्वाधार निर्माण गर्न अध्ययन गरिनेछ ।
- ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्रऔजार सहयोग र अवलोकन भ्रमणको ब्यवस्था मिलाइने ।
- बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरिउनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिने ।

## २८. सामाजिक बिकासः

### शिक्षाः

- गाउँपालिका भित्र नमुना अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्ने गरी आवश्यक व्यवस्थापन गरिनेछ ।जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ ।साथै शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिको साझा शैक्षिक आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँ बस्ति टोलमा रहेका १५ वर्ष माथिका निरक्षर जनसंख्याको लागत संकलन गरी अनौपचारिक शिक्षा प्रदान गरी गाउँपालिकालाई साक्षर गाउँपालिका स्थापना गर्ने अभियान सन्चालन गरिनेछ ।
- आफ्नो विध्यालय र बिषयमा राम्रो रिजल्ट ल्याउने विध्याल र विषयगत शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा एक आवाशीय प्राविधिक शिक्षालय र एक स्नातकतह सम्मको अध्ययन अध्यापन गराउने क्याम्पस स्थापनाको लागि आवश्यक तयारी अघि बढाइनेछ ।
- विद्यार्थी नभएका, शिक्षक संख्या कम भएका विद्यालयहरुलाइ जनसंख्या, भूगोल, दुरीको आधारमा मर्ज गरिने नीति अवलम्वन गरिनेछ ।
- शैक्षिक क्षेत्रको सुधार तथा व्यवस्थापन गर्नका लागि विध्यालय व्यवस्थापन नियमावली तर्जुमा गरि लागू गरिनेछ ।

### स्वास्थ्यः

- गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरिने छ । सो को पूर्वाधार निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ । प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ । कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकाय सँग आवश्यक पहल गरिनेछ ।
- ६० बर्ष माथिका जनतालाई घरमै गई स्वास्थ्य जाँच गर्ने घर घरमा स्वास्थ्यकर्मी अभियान सञ्चालन गरिनेछ ।

- हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र एउटा एम्बुलेन्सको व्यबस्थापन गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- गाउँमै बसोबास गर्ने वासिन्दाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्वन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तारमा जोड दिइनेछ ।

**खानेपानी तथा सरसफाईः**

- स्वच्छ खानेपानिमा तिलाबासीको पहुँच अभिवृद्धि गरिनेछ । कम्तिमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी एक घर एक धाराको नीति अवलम्बन गरी यथासम्भव रुपमा खानेपानी आयोजना संचालनमा ल्याइनेछ ।

**संस्कृति प्रवर्द्वनः**

- तिला गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ ।गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्वन गरिनेछ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, वालवालिका र अपाङ्ग अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको लागि पहल गरिनेछ ।

**२९. पूर्वाधार विकासः**

**सडक तथा पुलः**

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ ।

- गाउँपालिका भित्र आवश्यक क्षेत्रमा झोलुङ्गे पुल, बेली ब्रिज र पक्की पुल निर्माणको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- हरेक गाउँ सडक संजाल सँग जोड्ने र एक गाउँ एक पार्क निर्माण गरिनेछ ।

**सिंचाईः**

- खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भने बाँकी सुक्खा जमीन लिफ्ट प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**भवन तथा शहरी विकासः**

- गाउँपालिका क्षेत्रमा व्यवस्थित शहरी विकास गर्न व्यवस्थित गुरु योजना, भू उपयोग योजना लगायतको नीति अबलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र अव निर्माण हुने सम्पुर्ण घरको मापदण्ड बनाई भुकम्प प्रतिरोधि घर बनाइनेछ ।
- गाउँपालिकाको कार्यालय र माताहतका वडा कार्यालयहरुको भवन निर्माणको लागि आवश्यक जग्गाको व्यवस्था गरि भवन निर्माण कार्यको थालनी गरिनेछ ।

**जलविद्युतः**

- तिला गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउन आवश्यक पर्ने उर्जा क्षेत्रमा सम्पुर्ण गाउँपालिकाबासीलाई पर्याप्त पुग्ने ४०० किलोवाट (400KW) सम्मको हाइड्रोपावर संचालनमा ल्याउने कार्य थालनी गरिनेछ भने अन्य गाउँपालिकालाई पनि बिद्युत उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आय सिर्जना गर्ने मेगा हाइड्रो प्रोजेक्ट (Mega Hydro Project) संचालनमा ल्याइ यसको सम्भाव्यता अध्ययन गरिनेछ ।निजी क्षेत्रलाई विद्युत उत्पादनमा आकर्षित गरिनेछ ।यस क्षेत्रमा गाउँपालिकावासीको लगानीलाई प्रोत्साहित गरिनेछ । वैकल्पिक उर्जाको प्रयोगलाई बढावा दिइनेछ ।

**संचारः**

- गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम तिलाबासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसँग विशेष पहल गरी सूचना र संचारमा पहुँच वृद्धि गरिनेछ ।

**३०. वातावरण तथा विपद व्यवस्थापनः**

**वन तथा भू(संरक्षणः**

- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ ।
- अव्यवस्थित रुपमा रहेका नीजिवन, कवुलियती वन, सामुदायिक वन र राष्ट्रिय वनको लगत संकलन गरी व्यवस्थित कार्ययोजना निर्माण गरी चुस्त दुरुस्त अभिलेख राखि त्यसको उचित संरक्षण र उपयोग गरिनेछ ।
- यस क्षेत्रमा रहेको सामुदायिक वनहरुमा र राष्ट्रिय वनहरुमा जडिबुटीको खेति तथा संकलनको विशेष कार्ययोजना बनाई लागू गरिनेछ ।

**जलवायु परिवर्तनः**

- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गर्न प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन कार्ययोजना तयार गरी कुडारी, रारालिही, डुण्डेली बजार केन्द्र, स्वास्थ्य चौकी तथा विध्यालय क्षेत्रका साथै गाउँबस्तीहरुमा विशेष पहल गरिनेछ ।

**विपद व्यवस्थापनः**

- गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

**३१. संस्थागत विकास तथा सेवा प्रवाहः**

**मानव संशाधन विकासः**

- गाउँपालिकाका उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- साविकका गा।वि।स।का स्थायी, अस्थायी, करार कर्मचारी तथा सामाजिक परिचालकहरुलाई उचित व्यवस्थापन गरिनेछ ।

**संस्थागत क्षमता विकासः**

- एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्नेः पारिवारिक विवरण स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक हुने व्यवस्था गरीनुका साथै गाउँपालिकाको डिजीटल बस्तुगत विवरण तयार गरिनेछ ।

**संस्तागत पूर्वाधारः**

- गाउँपालिका कार्यालय तथा वडा कार्यालय भवन निर्माणका लागि इच्छुक स्थानीय जग्गादाताबाट जग्गा लिइ नेपाल सरकारको अनुदान तथा प्राविधिक सहयोग लिइनेछ ।
- नयाँ वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेशिनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाई सजिलै, घरदैलोमै सेवा प्रवाह गर्ने अवसर सिर्जना गरिनेछ ।

**नागरिक वडापत्र तथा टोकन प्रणालीः**

- प्रत्येक वडा कार्यालयमा क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गरिनेछ । साथै सेवा प्रवाहमा टोकन प्रणाली स्थापना गरी First In First Out (FIFO) मान्यतामा सेवा प्रवाह गरिनेछ ।

**सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**

- गाउँपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।

**३२. वित्तीय व्यवस्थापनर सुशासनः**

**राजस्व परिचालनः**

- एक महिना भित्र गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।
- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरी जनतालाइ कर तिर्न प्रेरित गराइ करको दायरा भित्र फराकिलो गरिनेछ ।

**बेरुजु फर्छ्यौटः**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गा।वि।स।का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका वनाइनेछ ।

**सार्वजनिक सुनुवाईः**

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।

३.६मुख्य मुख्य आयोजना र  क्रियाकलापहरुः

आर्थिक वर्ष २०७४।७५ मा सञ्चालन गरिने कार्यक्रमहरु देहाय बमोजिम हुनेछन् ।

**१. आर्थिक विकासः**

**कृषीः**

- व्यवसायीक तरकारी खेति, बाली खेति, नगदेबाली, फलफुल खेति, नर्सरी खेति विकास कार्यक्रम

**पर्यटनः**

- तिला गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

**सहकारीः**

- गाउँपालिका भित्रका सहकारीहरुको सुचिकृत गरीअभिलेख तथा अनुगमन गरिनेछ ।

**२. सामाजिक बिकासः**

**शिक्षाः**

- ३ वटा सामुदायिक विद्यालयमा नमुना अंग्रेजी माध्यमबाट अध्ययन सुरु गर्ने ।
- बिभिन्न बिद्यालयको भौतिक पूर्वाधार निर्माण गरिने ।
- उच्च शिक्षा तथा स्नातक तह संचालनका लागि आवश्यक परामर्श तथा तयारी गरिने ।
- नदैदेवि नि।मा।वि। खोप्रीमा घेरवार निर्माण गरिने ।
- देबलक्षमी निमावि सुढीमा घेरवार निर्माण गरिने ।
- महादेव आधारभूत विद्यालय, घोडेसिममा शौचालय निर्माण गरिने ।
- सिता मा।वि। रारालिहिमा छात्रा शौचालय निर्माण गरिने ।
- महादेव आधारभूत विद्यालय, रिपीमा फर्निचर शौचालय निर्माण गरिने ।
- सेतिवाडा माध्यमिक विद्यालय, नुवाकोटमा घेरवार तथा फर्निचर निर्माण गरिने ।
- देवि देउराली आधारभूत विद्यालय, पुरुमा शौचालय निर्माण गरिने ।
- महादेव आधारभूत विद्यालय, ढिपुमा घेरवार तथा कम्प्युटर व्यवस्थापन गरिने ।
- मालिका प्राथमिक विद्यालय, तल्लो खोप्रीमा स्याउ वगैंचा निर्माण गरिने ।
- ज्योती निमावि, रासाँमालापानीमा घेरवार तथा खानेपानि व्यवस्थापन गरिने ।
- देउराली उ।मा।वि।, जुम्लाकोटमा खानेपानी व्यवस्थापन गरिने ।

- कालिका आधारभूत विद्यालय, तुहीमा गेट घेरवार गरिने ।
- सरस्वति माध्यामिक विद्यालय कुडारीमा खानपानी, विज्ञान प्रयोगशाला र पुस्तकालय निर्माण गरिने ।
- नारायण प्रावि, लर्मीमा फर्निचर व्यवस्थापन गरिने ।
- शिव भैरव प्रा।वि। जोगिवाडामा घेरवार, शौचालय निर्माण गरिने ।
- प्रस्तावित निमावि, खोलिगाउँमा फर्निचर व्यवस्थापन गरिने ।
- जनजागृति निमावि चुलाकोटमा खेलमैदान, पर्खाल निर्माण गरिने ।
- भवानी आधारभूत विद्यालय, डुङ्ग्रीमा घेरवार, शौचालय निर्माण गरिने ।
- पन्चदेवल प्रावि थापागाउँमा घेरवार र खानेपानी मर्मत ।
- ज्ञान ज्योती प्रावि रावतवाडामा खेलमैदान निर्माण गरिने ।
- सरस्वती प्रावि पोखरीमा घेरवार निर्माण गरिने ।
- जगजागृति मावि, घोडेमहादेवमा शौचालय र घेरवार निर्माण गरिने ।
- महादेव प्रावि, रारालिहीमा फर्निचर, सिलिङ व्यवस्थापन गरिने ।
- नाभिडाँडा निमावि, साँपुलिमा खानेपानि र खेलमैदान, र घेरपर्खाल निर्माण गरिने ।
- शान्ति प्रगतिशिल बालशिक्षा, दानिवाडा घेरवार निर्माण गरिने ।

**स्वास्थ्यः**

- स्वास्थ्य चौकी कुडारीको ल्याव, इमरजेन्सी सेवा विस्तार
- स्वा। चौकी घोडे सेवा विस्तार तथा स्तरोन्नती
- स्वा। चौकी रारालिहि भवन मर्मत कार्य
- स्वास्थ्य चौकी मालिकाठाँटा सेवा स्तरोउन्नती
- स्वास्थ्य चौकी राँसामालापानीमा ल्याव संचालन

**खानेपानी तथा सरसफाई**

- नयाँ खा।पा। योजना सर्वे ४ क्षेत्रमा
- नयाँ निर्माण खा।पा। योजना
- पुरानो खा।पा।यो। मर्मत कार्य ३ वटा

**खेलकुद तथा मनोरञ्जनः**

- गाउँपालिका स्तरीय खेलमैदान निर्माण थालनी

३. **पूर्वाधार विकास**

**सडकः**

- स्थानीय सडक कुडारी बजार देखी डुंग्री सडक
- पातरसाँघु देखि वाइसथाप्ला सडक
- रारासेरी देखि मानेचौर सडक
- मानेचौर देखि मालापानी हुँदै राँसा सडक

- मानेचौर देखि ढिपु सडक
- मानेचौर देखि सुडी सडक
- मानेचौर देखि रिपी सडक
- रारासेरी देखि तुही हुँदै घोडेमहादेव सडक
- कयारकोट देखि तल्लो माथिल्लो खोप्री सडक
- ० विन्दु त्रिवेणी देखि स्याला लुम्सेरा हुँदै तुइनीखोला कुडारी सडक

**पुल**

- लुम्सेरा कुडारी वेली व्रिज केन्दमा माग गर्ने
- साँपुल्ली जुम्लाकोट वेली व्रिज केन्द्रमा माग गर्ने
- कठिना घट्ट तुही वेली व्रिज केन्द्रमा माग गर्ने

**झोलुङ्गे पुलः**

- रावतबाडा भेरीखोला झो। पु।
- सुडी ढिपु झो। पु। वडा नं। ९ र ६
- भ्यानचौर झो। पु। वडा नं।४
- पोखरी घट्ट झो।पु। वडा नं। ६
- पातारसाँघु झो।पु। वडा नं। २
- धनुली वोडार झो।पु। वडानं। ६
- नाग्मगाड घोडेसिन झो।पु। वडा नं। ७
- कुनागड भेरीखोला झो।पु। वडा नं ४

**सिंचाई**

- भेरी खोला देखी मैवोक्न्या बाटो लिफ्ट सिंचाइ सर्वे
- रारा सेरि देखि दहचौर लिफ्ट सिंचाइ सर्वे
- डुण्डेली देखि लर्मि लिफ्ट सिँचाई सर्वे
- राताढुङ्गा कुंडारी देखि पानी ट्याङ्की लिफ्ट सर्वे
- तुहीगाउँ लिफ्ट सिंचाइ सर्वे
- झारखेत सिँचाई आयोजना तिला गाउँपालिका
- वागदुला सिँचाई पोखरी निर्माण तिला
- तुही सिंचाई पोखरी निर्माण
- लामझाड देखी ठेलेचौर घट्टेखोला सिंचाई
- पुरु विद्युत कुलो निर्माण
- रारासेरी दहचौर लिफ्ट सिंचाई

**भवन तथा शहरी विकासः**

- १५ सैया जन स्वास्थ्य भवन निर्माण केन्द्र माग गर्ने
- क्याम्पस भवन निर्माण केन्द्रमा माग गर्ने
- खोप्रीमा स्वास्थ्य चौकी भवन निर्माण

**लघु तथा साना जलविद्युत**

- तिलानदि रारा मेघा जलविद्युत सर्वे
- पुरु तिलागाउँपालिका जलविद्युत आयोजना निर्माण

**४. वातावरण तथा विपद् व्यवस्थापनः**

**वन तथा भूसंरक्षणः**

- बृक्षारोपण कार्यक्रम २ ठाउँमा

**जलाधार संरक्षण**

- तिला नदी, भेरीखोला र गोरुखोलामा जलाधार तथा जलउत्पन्न प्रकोप नियन्तरण तथा संरक्षण कार्यक्रम

**वातावरण संरक्षण सम्बन्धि जनचेतना**( ९ वटै वडामा

**फोहोरमैला व्यवस्थापन**

- फोहोरमैला व्यवस्थापन, ढल निकास र सार्वजनिक शौचालय निर्माण २ ठाउँमा

**बिपद् व्यवस्थापन कोषः**

- आकस्मिक रूपमा घट्ने प्राकृतिक प्रकोपहरुको व्यवस्थापन, प्रभावितहरुको उद्वार, राहत, पुनस्थापनाको लागि गाउँपालिकास्तरीय एक आकस्मिक कोष स्थापना गरिनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाहः**

**संस्थागत पूर्वाधारः**

- गाउँपालिकाको भवन निर्माण गर्न पहल गर्ने,
- वडा कार्यालय १,४,५,७ र ८ को कार्यालय भवन निर्माणको लागि पहल गर्ने
